# संगीत रोयल्टी संकलन समाज नेपालको
## मिति २०७९ मंसिर २४ को बार्षिक साधारण सभाबाट
# संशोधित विधानको ३ महले विवरण
## (प्रस्तावित)

| सावीकको व्यवस्था | हालको थप तथा संशोधन | संशोधनको कारण |
|---|---|---|
| **५.(क)** गीत संगीत विधाका रचयीतालाई सदस्यता प्रदान गरी संस्थामा आवद्ध गराउने । | **५.(क)** गीत संगीत विधाका रचयीता तथा प्रकाशकहरुलाई सदस्यता प्रदान गरी संस्थामा आवद्ध गराउने । | प्रकाशकको सदस्यता वितरण प्रकृयालाई व्यवस्थित गर्न । |
| **७.(क)** संगीतसंग सम्बन्धित रचयिता, वा प्रतिलिपि अधिकारप्राप्त व्यक्ति वा संगठित संस्था, | **७.(क)** संगीतसंग सम्बन्धित रचयिता, प्रकाशक वा प्रतिलिपि अधिकारप्राप्त व्यक्ति वा संगठित संस्था, | |
| **१७. बार्षिक साधारण सभा:** साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । कार्य कारिणी समितिले निर्धारण गरेको ठाँउ र समयमा हरेक बर्ष बार्षिक साधारण सभा बस्नेछ । दुई बार्षिक साधारण सभाको बीचको अन्तर १५ महिना भन्दा बढी हुनेछैन । | **१७. बार्षिक साधारण सभा:** साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । कार्य कारिणी समितिले निर्धारण गरेको ठाँउ र समयमा हरेक बर्ष आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र बार्षिक साधारण सभा बस्नेछ । | बार्षिक साधारण सभा हरेक बर्ष समयमै गर्नु पर्ने कुरालाई सुनिश्चित गर्न । |
| **२३. समितिको गठन:** साधारण सभाले अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ५, र गीतकारहरुबाट सदस्य पाँच गरीजम्मा ११ जनाको कार्य समिति हुने गरी २ बर्षको पदावधिको लागि निर्वाचित गर्नेछ । (क) निर्वाचित कार्य समिति मध्ये अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ३ र गीतकारहरुबाट सदस्य ३ गरी जम्मा ६ जना सदस्य खुल्ला निर्वाचनको प्रकृयाबाट र संगीतकारहरुबाट सदस्य २ र गीतकारहरुबाट सदस्य २ गरी जम्मा ४ जना सदस्यहरु निवर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरु मध्येबाट निर्वाचित हुनेछन् । निर्वाचित ब्यक्तिहरुको समितिले उपाध्यक्ष महासचिव तथा कोषाध्यक्षको चयन गर्नेछ । समितिले नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजबाट मनोनित २ जना र CISAC द्वारा मनोनित २ जनालाई समितिमा | **२३.समितिको गठन:** साधारण सभाले संगीतकार वा गीतकार सदस्यहरुबाट अध्यक्ष १, संगीतकारहरुबाट सदस्य ४ (चार), गीतकारहरुबाट सदस्य ४ (चार) र प्रकाशक सदस्य २ (दुई) गरी जम्मा ११ जनाको कार्य समिति हुने गरी २ बर्षको पदावधिको लागि निर्वाचित गर्नेछ ।<br>(क) निर्वाचित कार्य समिति मध्ये गीतकार तथा संगीतकार सदस्यहरुबाट सदस्य ३ र गीतकारहरुबाट सदस्य ३ गरी जम्मा ६ जना सदस्य खुल्ला निर्वाचनको प्रकृयाबाट, प्रकाशक सदस्यहरुबाट २ जना सदस्यहरु र संगीतकारहरुबाट सदस्य १ एवम् गीतकारहरुबाट सदस्य १ गरी जम्मा २ जना सदस्यहरु निवर्तमान कार्य समितिका पदाधिकारी तथा सदस्यहरु मध्येबाट आरक्षीत निर्वाचन प्रकृयाबाट गरी जम्मा ११ जना कार्य समितिमा निर्वाचित हुनेछन् ।<br>(ख) निर्वाचित सदस्यहरुले आफुहरु मध्येबाट उपाध्यक्ष, महासचिव तथा कोषाध्यक्षको चयन गर्नेछन् ।<br>(ग) लगातार ३ महिनासम्मका कार्य समितिको बैठकहरुमा विना कुनै लिखित जानकारी, अनुपस्थित हुने समितिका सदस्यहरुको पदाधिकार स्वत: | संस्थामा प्रकाशकहरुको सदस्यतालाई व्यवस्थित गर्दै कार्य समितिमा प्रकाशक सदस्यहरुको पनि प्रतिनिधित्व सुनिश्चित गर्दै समितिको गठन प्रकृयालाई थप ब्यबस्थित गर्नु पर्ने भएकोले । |

| | | |
|---|---|---|
| आमन्त्रण गर्न सक्नेछ । विना कुनै लिखित जानकारी लगातार ३ महिनासम्मका कार्य समितिको बैठकहरुमा अनुपस्थित हुने समितिका सदस्यहरुको पदाधिकार स्वतः समाप्त हुनेछ । निवर्तमान कार्य समितिबाट निर्वाचित हुने सदस्यहरु लगातार २ (दुई) कार्यकाल भन्दा बढि अवधिका लागि निर्वाचित हुन पाउने छैनन् । खुल्ला निर्वाचन तर्फ भने २ (दुई) कार्यकालको सीमा प्रावधान लागु हुने छैन । | समाप्त हुनेछ ।<br>(घ) निवर्तमान कार्य समितिबाट निर्वाचित हुने सदस्यहरु बढिमा लगातार २ (दुई) कार्यकाल अवधिका लागि मात्र निर्वाचित हुन पाउने छन् । खुल्ला निर्वाचन तर्फ भने २ (दुई) कार्यकालको सीमा प्रावधान लागु हुने छैन ।<br>(ङ) कार्य समितिको बैठकमा निवर्तमान अध्यक्ष आमन्त्रितको रुपमा रहनेछ, निवर्तमान अध्यक्षको बरियता समितिको अध्यक्ष भन्दा तल र उपाध्यक्ष भन्दा माथी अर्थात अध्यक्ष र उपाध्यक्षको विचमा रहनेछ । | |
| **३२. रोयल्टी वितरणः-** समितिले रचयिताले पाउने रोयल्टी रकम निर्धारण वितरण गर्न बनाएका नियम तथा विधि अनुसार सदस्य तथा सम्बन्धित संस्थाहरुलाई वितरण गरिनेछ । तर त्यस्तो व्यवस्थापन खर्च संकलित रोयल्टीको २५ (पच्चिस) प्रतिशत भन्दा बढी हुनेछैन ।<br><br>**३३. वितरण गर्ने बिधिः** रचनाको प्रयोग बापत प्राप्त रकम तोकिए अनुसार व्यवस्थापन खर्च कटाई स्वीकृत वितरण योजना अनुसार सदस्य तथा सम्बन्धित संस्थाहरुलाई वितरण गरिनेछ । तर त्यस्तो व्यवस्थापन खर्च संकलित रोयल्टीको २५ (पच्चिस) प्रतिशत भन्दा बढी हुनेछैन । | **३२. रोयल्टी वितरणः-** समितिले रचयिता तथा प्रकाशकले पाउने रोयल्टी रकम, वितरण गर्न बनाएको नियम तथा बिधि अनुसार सदस्य, सम्बन्धित व्यक्ति वा संस्थाहरुलाई वितरण गर्नेछ ।<br><br>(क) उक्त रोयल्टी रकममा संस्थाको बार्षिक साधारण सभाबाट स्विकृत बार्षिक बजेट तथा कार्यक्रमको खर्च पश्चात् बचत भएको रकममा बढीमा १० (दश) प्रतिशत सम्मको रकम रोयल्टी व्यवस्थापन खर्च र ५ (पाँच) प्रतिशत सम्मको रकम कल्याणकारी कोष सञ्चालन बापत छुट्टयाउन सकिनेछ । उक्त कल्याणकारी कोष सञ्चालन सम्बन्धी कार्यविधि कार्य समितिले निर्धारण गरी साधारण सभावाट पारित गराई लागु गर्न सक्नेछ ।<br><br>(ख) प्रकाशक सदस्यहरुले गीत संगीतको सार्वजनिक प्रयोग बापत डिजिटल प्लाटफर्म मार्फत उठेको रकमको रोयल्टी मात्र प्राप्त गर्नेछन् ।<br><br>**३३. वितरण गर्ने बिधिः** रचनाको प्रयोग बापत प्राप्त रोयल्टी रकम तोकिए अनुसार खर्च कटाई स्वीकृत वितरण योजना अनुसार सदस्य तथा सम्बन्धित व्यक्ति वा संस्थाहरुलाई वितरण गरिनेछ । | रोयल्टी संकलन, व्यवस्थापन तथा वितरणमा देखिएको नीतिगत समस्या समाधान गर्दै रोयल्टी बितरण सम्बन्धी कार्यलाई प्रभावकारी एवम् व्यवस्थित गर्नु पर्ने भएकोले । |